स्थानीय सरकार

# दुहवी नगरपालिका

## नगर कार्यपालिकाको कार्यालय

दुहवी, सुनसरी
कोशी प्रदेश, नेपाल

प.सं.:२०८१/०८२
च.नं.:

**निःशुल्क प्रविधि (गार्मेन्ट सिलाइ मेसिन) वितरणका लागि निवेदन दिने सम्बन्धमा।**

सुचना प्रकाशित मिति २०८१।१२।०४

प्रस्तुत विषयमा स्थानीय सरकार दुहबी नगरपालिका र SWISSCONTACT STEP UP परियोजनाको आर्थिक सहयोग तथा आसमान नेपालको आयोजनामा दुहबी नगरपालिकाका वेरोजगार व्यक्तिहरुलाइ रोजगारी र स्वरोजगार बनाउनका लागि मुख्यत विपन्न महिला ,दलित, आदिवासी जनजाती ,मधेशी, मुस्लिम ,एकल महिला, अल्पसँख्यक जातजाती समुदाय तथा बैदेशिक रोजगारीबाट फर्केका युवा र कोविड १९ का कारण स्वदेश तथा विदेशमा रोजगार गुमाएका व्यक्ति तथा परिवारका सदस्यहरुलाइ विभिन्न उत्पादनमुलक र दिर्घकालिन रोजगारीका माध्यमबाट आयस्तर बृधि गर्ने जिविकोपार्जनमा सहयोग गर्दै गरिबी न्यूनिकरणमा टेवा पुर्याउने उदेश्यले निशुल्क प्रविधि उपलब्ध गराउनका लागि सम्बन्धित सबैको जनाकारीको लागि यो सुचना प्रकाशन गरिएको छ।

**लाभान्वित व्यक्ति छनौटका आधार तथा छनौट प्रकृया**

- निवेदनको साथमा व्यवसायिक योजना पेश गर्नुपर्ने छ।
- दुहबी नगरपालिकामा वसोवास गरेको नेपाली नागरीक हुनुपर्ने।
- दुहबी नगरपालिका तथा स्टेप परियोजनाको सहकार्यमा सन्चालित उद्यमशिलता विकास तालिम तथा गार्मेन्ट फब्रिकेटर सीप विकास तालिम लिएको हुनुपर्ने।
- नागरिकताको प्रतिलिपि २ प्रति पि पि साइजको फोटो।
- सिलाइ मेसिनको हकमा सिलाइ तालिम तथा गार्मेन्ट फेब्रिकेटर सीप तालिमको प्रमाण पत्रको प्रतिलिपि हुनुपर्ने।

**नोट** समावेशीताको आधारमा महिला ,दलित, आदिवासी जनजाती ,मधेशी, मुस्लिम ,एकल महिला, अल्पसँख्यक जातजाती समुदायलाइ प्राथमिकता दिइनेछ। साथै व्यवसाय दर्ता गर्न इच्छुक हुनुपर्ने छ।

**दरखास्ता फारम दर्ता मिति**

सुचना प्रकाशन भएको मितिले ७ दिन भित्र यस कार्यालयको समयसम्म अवेदन पेश गर्न सकिनेछ आवेदन पेश गर्ने अन्तिम दिन सार्वजानिक विदा पर्न गएमा सो पछि कार्यालय खुलेको पहिलो दिन पेश गर्न सकिनेछ।

**पेश गर्ने स्थान**

उद्यम विकास शाखा तथा रोजगार सेवा केन्द्र दुहबी नगरपालिका सुनसरी।

२०८१/१२/०४

विकास घिमिरे